# गोदावरी नगरपालिका
## गोदावरी नगरकार्यपालिकाद्वारा प्रकाशित

" गोदावरी नगरपालिकभित्र रहेका बालगृहहरूको अनुगमन कार्यविधि, २०८०

गोदावरी नगरपालिका, ललितपुर

प्रस्तावनाः

बालबालिका सम्बन्धी ऐन, २०७५ मा भएको प्रावधान अनुसारका वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकामध्ये आवाशीय हेरचाहका लागि सिफारिस भइ आएका बालबालिकको स्याहार तथा हेरचाहका लागि सञ्चालन गरिने स्थापना हुने तथा सञ्चालनमा रहेका बालगृहहरूको सञ्चालन अनुमति, सञ्चालन तथा व्यवस्थापनका लागि बालबालिका सम्बन्धी ऐन, २०७५, बालबालिका सम्बन्धी नियमावली २०७८ तथा बालगृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ मा भएको व्यवस्था अनुसार अनुगमन गर्न बाञ्छनीय भएकोले गोदावरी नगरकार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो गोदावरी नगरपालिकभित्र रहेका बालगृहहरूको अनुगमन कार्यविधि, २०८० बनाई स्थानीय राजपत्रमा प्रकासित भएको मिति देखि लागु गरिएको छ ।

## परिच्छेद - १ प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (क) यस निर्देशिकाको नाम "गोदावरी नगरपालिकभित्र रहेका बालगृहहरूको अनुगमन कार्यविधि, २०८०" रहेको छ ।

(ख) यो कार्यविधि गोदावरी नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकासित भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "अनुगमन"भन्नाले गोदावरी नगरपालिकाभित्र सञ्चालनमा रहेका आवाशीय बालगृहहरूको बालगृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७९ का सूचकमा आधारित रहेर गरिने अनुगमन भन्ने सम्झनुपर्दछ यस शब्दले अनुगमन प्रयोजनका लागि अङ्क भारका आधारमा गरिने मूल्याङ्कन समेतलाई जनाउँछ ।

(ख) "अनुगमन समिति" भन्नाले उपप्रमुखको संयोजकत्वमा गठन भएको समिति भन्ने सम्झनुपर्दछ ।

(ग) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ भन्ने सम्झनुपर्दछ ।

(घ) "नगरपालिका" भन्नाले गोदावरी नगरपालिकालाई सम्झनुपर्दछ ।

(ङ) " नियमावली" बालबालिका सम्बन्धी नियमावली , २०७८ भन्ने सम्झनुपर्दछ ।

(च) "बालअधिकार समिति" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० बमोजिम गठित स्थानीय बालअधिकार समिति भन्ने सम्झनुपर्दछ ।

(छ) “बालकल्याण अधिकारी” भन्नाले ऐनको दफा ६१ बमोजिम प्रत्येक स्थानीय तहमा बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न तथा बाल संरक्षण कार्य समेत गर्नका लागि नियुक्त भएको वा तोकिएको अधिकारी भन्ने सम्झनुपर्दछ ।

(ज) “बालगृह” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भै परिषदबाट अनुमति लिएर ऐनको दफा ४८ बमोजिम विशेष संरक्षणको आवश्यकता भएका बालबालिकामध्ये ऐनको दफा ४९ बमोजिम वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई प्राथमिकताको आधारमा बाल कल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्थाका लागि अन्तिम विकल्पका रुपमा पठाइएका र ऐनकै दफा ६९ बमोजिम तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएका बालबालिकाको आवासीय संरक्षण तथा अस्थायी संरक्षण सेवा प्रदान गर्ने संस्था सम्झनुपर्दछ ।

(झ) “मापदण्ड” भन्नाले बालगृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ भन्ने सम्झनुपर्दछ ।

## परिच्छेद- २ अनुगमन

३. अनुगमन समितिः गोदावरी नगरपालिकाभित्र स्थापना भएका वा सञ्चालनमा रहेका बालगृहहरूलाई सञ्चालन अनुमति दिन, नवीकरण वा प्रशासनिक प्रयोजनका लागि सिफारिस गर्ने उद्देश्य वा आकस्मिक वा नियमित रूपमा हुने अनुगमनका लागि नगर उपप्रमुखको संयोजकत्वमा एक अनुगमन समिति रहनेछ ।

४. अनुगमन समितिको गठन देहाय अनुसार हुनेछ :

| | |
|---|---|
| (क) नगर उप प्रमुख | संयोजक |
| (ख) सामाजिक बिकास समितिको संयोजक | सदस्य |
| (ग) नगर बालअधिकार समितिका सदस्यहरू मध्येबाट संयोजकले मनोनित गरेको एक महिला सहित दुई | सदस्य |
| (घ) सामाजिक विकास शाखाका शाखा प्रमुख | सदस्य |
| (ङ) महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य |
| (च) सम्बन्धित वडा अध्यक्ष वा निजले तोकिएको वडा सदस्य | सदस्य |
| (ज) बालगृहहरूका प्रतिनिधि मध्येबाट संयोजकले मनोनित गरेको एकजना | सदस्य |
| (छ) बालकल्याण अधिकारी | सदस्य- सचिव |

५. दफा (४) मा गठिन अनुगमन समितिले अनुमगन कार्यका लागि राष्ट्रिय बालअधिकार परिषद्, बागमती प्रदेश बालअधिकार समिति, जिल्ला प्रशासन कार्यालय ललितपुर, नजिकको प्रहरी प्रभाग समेत आमन्त्रण गर्न सक्नेछ ।

६. अनुगमन समितिको काम कर्तव्य र अधिकारः

१. अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) बालगृहमा रहेका अभिलेख निरीक्षण गर्ने,

(ख) नाम दर्ता तथा नवीकरण तोकिए बमोजिम भए नभएको निरीक्षण गर्ने,

(ग) बालबालिकासँग भेटघाट गरी बालगृहको अवस्थाका बारेमा सूचनाहरू संकलन गर्ने,

(घ) बालगृहको सेवा प्रभावकारी भए नभएको बारे जानकारी हासिल गर्ने,

(ङ) अघिल्ला अनुगमन प्रतिवेदन तथा सामाजिक परीक्षणका प्रतिवेदनहरूको अध्ययन गर्ने र प्राप्त सुझाव कार्यान्वयन भए नभएको समीक्षा गर्ने,

(च) बालगृह सञ्चालनका सम्बन्धमा अनियमितता भएको पाइएमा दोषी पहिचान गरी कार्बाहीका लागि सिफारिस गर्ने,

(छ) अनुसूचिमा उल्लेखित विवरणका आधारमा अनगुमन र मूल्याङ्कन प्रतिवेदन तयार पार्ने,

(२) समितिले बालकल्याण अधिकारीसँग समन्वय गरी आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कनका लागि उपयुक्त कर्मचारी खटाउन सक्नेछ ।

(३) समितिको बैठक प्रत्येक त्रैमासिकमा एकपटक बस्न  सक्नेछ ।

(४) समितिले अनुसुची बमोजिमको ढाँचामा चौमासिक प्रतिवेदन बालअधिकार समिति समक्ष प्रस्तुत गर्नेछ ।

## परिच्छेद - ३ अनुगमन विधि तथा प्रावधान

७. अनुगमन विधि र प्रावधान :

(क) अनुमगन समितिले बालगृहहरूको अनुगमन गर्दा बालबालिकाको वैकल्पिक हेरचाह विशेष गरी संस्थागत हेरचाह सम्बन्धमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका कानूनहरूले निर्धारण गरेका विधि र सिद्धान्तहरूलाई पालना गर्नुपर्नेछ ।

(ख) अनुगमन स्थलगत अवलोकन, कर्मचारी बैठक, लाभग्राहीसंग छलफल, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, सूचना प्रविधिको प्रयोग र नागरिक समाज (मिडिया) परिचालनका माध्यमबाट (अनुसुची बमोजिमको सूची अनुसार) अनुगमन गर्नुपर्नेछ ।

(ग) अनुगमनबाट देखिएका सुझाव तथा सिफारिसलाई पालना गर्दै बालगृहको सेवालाई थप प्रभावकारी बनाउने जिम्मेवारी सम्बन्धित समिति वा बालगृह प्रमुखको हुनेछ ।

(घ) बालगृहले अनुमगन समितिले दिएको सुझाव तथा सिफारिस एक महिनाभित्र कार्यान्वयन गरी सोको जानकारी नगर बालअधिकार समितिलाई दिनुपर्नेछ ।

(ङ) अनुगमन समितिले दिएको निर्देशन पालना गर्नु सम्बन्धित बालगृहको जिम्मेवारी हुनेछ ।

८. अनुगमन कार्यविधि :

१. अनुगमन समितिले बालगृहको अनुगमन गर्दा निम्न विषयमा विशेष ध्यान दिनुपर्नेछ :

(क) नियमावली तथा मापदण्डले तोकेबमोजिमका व्यवस्थाहरू पूरा भए नभएको हेर्ने साथै तोकिएका व्यवस्थाहरू पूरा नभएको भए एक महिनाभित्र पूरा गरी सोको जानकारी बालअधिकार समितिमा पेश गर्न लिखित निर्देशन दिने ।

(ख) बालगृह सञ्चालन स्थलको होडिङ बोर्ड राखेको छ/छैन हेर्ने । नराखेको भए एक हप्ताभित्र उक्त होर्डिङ बोर्ड राखी समितिमा जानकारी दिन लिखित निर्देशन दिने ।

(ग) अनुगमनको क्रममा देखिएका गल्ती वा कमजोरी तत्काल चौबिस घन्टा भित्र सुधार गर्न सुझाव दिने ।

(घ) अनुगमनको प्रतिवेदन अनुसूची बमोजिमको ढाँचामा तयार गरी अनुगमन समिति तथा बालअधिकार समिति समक्ष छलफलका लागि पेश गर्ने ।

९. अनुगमन वापतको सुविधा :

(१) अनुगमन समितिबाट बालगृहहरू अनुगमन गर्दा समितिका पदाधिकारीहरूले देहायबमोजिमको सुविधा प्राप्त गर्ने छन् ।

क. यातायातः अनुगमनमा जाने समितिका पदाधिकारीहरूलाई यातायातको साधनको व्यवस्था नगरपालिकाले गर्नेछ ।

ख. अनुगमन भत्ता : नगर उप प्रमुखले पाउने अन्य अनुगमन सरहको सेवा सुबिधा पाउनेछ ।

(२) उपदफा १ मा जेसुकै लेखिएको भएता पनि अनुगमन कार्यमा गोदावरी नगरपालिकाभित्र कार्यालय नरहेका सङ्घीय तथा प्रादेशिक संरचनाका निकायबाट अनुमगनमा आएका पदाधिकारीहरूको अनुगमन वापतको सुविधा नगरपालिकाले उपलब्ध गराउने छैन ।

## परिच्छेद-४ उजुरी सम्बन्धी व्यवस्था

१०. उजुरी दिन सक्नेः (क) कुनै व्यक्ति, कार्यालय, सार्वजनिक समिति र गैसस जस्ता पक्षहरूले संरक्षित बालबालिकाको हित विपरित कार्य तथा व्यवहार भएको भनी कुनै पनि व्यक्तिले अनुगमन समितिमा मौखिक वा लिखित सूचना वा उजुरी दिन सक्नेछ,

(ख) उपदफा (क) बमोजिमको समितिले उजुरी वा सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनालाई उजुरीको रूपमा ग्रहण गरिनेछ,

(ग) उपदफा (क) वा (ख) बमोजिमको उजुरी वा राज्यतहका संरचना वा सरकारी निकायबाट अनुगमनको लागि लेखि आएमा सो लाई समेत उजुरी वा सूचनाको रूपमा ग्रहण गरी अनुगमन समितिले अनुगमन गर्नुपर्नेछ,

(घ) उपदफा (ग) बमोजिम अनुगमन गर्दा बालगृह वा बालगृहसँग सम्बन्धित व्यक्ति वा पदाधिकारीले प्रचलित कानुन वा मापदण्ड विपरित व्यापारिक क्रियाकलाप गरेको पाइएमा तत्काल कारवाहीका लागि सिफारिस चलाउनु पर्नेछ,

गोदावरी नगरपालिका, ललितपुर

(ङ) उपदफा (घ) बमोजिम अनुगमन समितिले गरेको काम कारवाहीमा चित्त नबुझेमा बालगृह वा बालगृहसँग सम्बन्धित व्यक्ति वा पदाधिकारीले प्रचलित कानुन बमोजिम पुनरावेदन गर्नसक्नेछ ।

## परिच्छेद-५ बालगृह अनुगमन गर्ने प्रकृया

११. अनुगमनको पूर्व तयारी : अनुगमन समितिले अनुगमन गर्नु पूर्व देहायको तयारी गर्नु पर्नेछ :

(क) अनुगमनमा जानु पूर्व अत्यावश्यक वस्तु तथा सेवा मध्ये कुन कुन विषयलाई पहिलो प्राथमिकतामा राख्ने भन्ने किटान गरी विषयसूची तयार गर्नुपर्नेछ ।

(ख) अनुगमनमा जाँदा अनुगमन गरिने बालगृहसँग सम्बन्धित ऐन नियमहरू, विवरण र चेकलिस्ट साथै लिई जानुपर्नेछ ।

(ग) बालगृहमा रहेका बालबालिकाको संख्या, सेवा प्रवाहका पक्षहरू आदिका बारेमा आधारभूत जानकारी हासिल गर्नुपर्नेछ ।

(घ) अनुगमन गर्न जानु अगावै तालिका बनाई आवश्यक पर्ने साधन सुरक्षा आदिको पूर्व तयारी गर्नुपर्नेछ ।

(ङ) अनुगमन गर्दा अनुगमनमा खटिइ जाने व्यक्तिले आफ्नो परिचय पत्र देखाई अनुगमन गर्नुपर्नेछ । नेपाल प्रहरीका प्रतिनिधि समावेश भएमा त्यस्ता प्रहरी प्रतिनिधि सादा पोशाकमा जानुपर्नेछ । अनुगमन टोलीका संयोजकले अनुगमनको आवश्यकताबारे जानकारी गराउनु पर्नेछ । बालगृह तथा सम्बन्धित व्यक्तिहरूले बिना कुनै अवरोध अनुगमन गर्न दिनु पर्नेछ ।

(च) अनुगमन गर्दा बालगृह तथा सम्बन्धित व्यक्तिहरूले वाधा विरोध गरेमा वाधा विरोध गर्नेलाई प्रचलित कानुन बमोजिम कारवाहीको लागि सम्बन्धित निकायमा अनुरोध गर्न वा लेखी पठाउन सक्नेछ ।

(छ) अनुगमन समितिले अनुगमन गर्दा तत्काल केही सुधार गर्नुपर्ने देखेमा बालगृह तथा सम्बन्धित व्यक्तिहरूलाई अवधी तोकी स्थलगत लिखित निर्देशन दिई सुधार गर्न लगाउन सक्नेछ ।

(ज) अनुगमन समितिले अनुगमन गर्दा बालगृहभित्र रहेका कुनै वस्तु तत्काल नष्ट नगरे बालगृहमा आश्रित बालबालिका तथा सम्बद्ध व्यक्तिहरूको संरक्षण तथा स्वास्थ्यमा असर पर्ने देखिएमा त्यस्ता वस्तुको नमूना संकलन गरी प्रमाणको रूपमा सुरक्षित राखि अरू प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया पुऱ्याई नेपाल प्रहरीका प्रतिनिधि तथा सम्बन्धित बालगृह र उपस्थित व्यक्तिहरूको रोहवरमा मुचुल्का गरी वातावरणमा असर नपर्ने गरी त्यस्तो वस्तु नष्ट गर्नुपर्नेछ । संकलित नमूना आवश्यकता अनुसार परिक्षणका लागि प्रयोगशालामा पठाउन सकिनेछ ।

## परिच्छेद -६ आचार संहिता

१२. आचार संहिता : अनुगमन गर्न जाने अनुगमन समितिका सदस्यले निम्न बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ :

(क) अनुगमन समितिले अनुगमन गर्ने बालगृहका बारेमा सो कार्यमा संलग्न सदस्यहरू बाहेक अरू कसैलाई पनि सो बारेमा पूर्व सूचना वा जानकारी गराउनु हुँदैन,

(ख) अनुगमनमा खटिने व्यक्तिले आफ्नो नातागोता वा इष्टमित्र कहाँ अनुगमन गर्न जानु हुँदैन,

(ग) अनुगमन कार्यमा संलग्न कुनै पनि सदस्यले अनुगमन गर्ने बालगृह वा सम्बद्ध व्यक्तिहरूबाट कुनै पनि किसिमको चन्दा, दान, दातव्य वा उपहार स्वीकार गर्नु हुँदैन,

(घ) अनुगमन गर्न जाँदा सेवाग्राही पक्षले दिएको सुविधा तथा आतिथ्य स्वीकार गर्नुहुँदैन,

(ङ) कुनै किसिमको प्रलोभन वा मोलाहिजामा पर्नु हुँदैन,

(च) अनुगमनको कारवाही सम्बन्धी सूचना प्रवाह गर्दा अनुगमन टोलीको नेतृत्व गर्ने व्यक्तिबाट मात्र प्रवाह गर्नुपर्नेछ तथा अनुगमन टोलीमा रहने अन्य सदस्यहरूको जानकारी दिनु हुँदैन,

(छ) बालगृह अनुगमन गर्दा अनुगमन समितिका पदाधिकारीहरू बालगृहका पदाधिकारी तथा बालबालिका समक्ष मर्यादित तरिकाले प्रस्तुत हुनुपर्ने र बालगृहबाट जथाभावी तरिकाले माल वस्तु निकाल्नु हुँदैन ।

(ज) बालगृहको अनुगमनमा जाँदा अनुगमन समितिका पदाधिकारीहरूले बालगृहमा आश्रित बालबालिकाको संरक्षण, सम्मान तथा सुरक्षाका लागि बालगृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्डमा भएका अन्य मापदण्डहरूका अलावा मापदण्ड नं १७ (क) मा व्यववस्था गरिएका देहाय बमोजिमका बुँदाहरूमा सचेत हुनुपर्दछ ।

देहायः

१. बालबालिकालाई कुटपिट, गाली, दुर्व्यवहार वा असहज हुने कुनै पनि कार्य गर्नु हुँदैन ।

२. बालबालिकासँग यौनजन्य शब्दको प्रयोग, इसारा, वार्तालाप वा क्रियाकलाप गर्नु हुँदैन ।

३. जाति, संस्कृति, उमेर, लिङ्ग, शारीरिक अवस्था, धर्म, क्षेत्र, यौनिकता लगायत कुनै पनि आधारमा बालबालिकालाई भेदभाव हुने, जिस्काउने, हेप्नेजस्ता व्यवहार गर्नु हुँदैन ।

४. बालबालिकाको इच्छा विपरीत हात मिलाउने, उनीहरूलाई छुने लगायतका व्यवहार वा कार्य गर्नु, गराउनु हुँदैन ।

५. बालबालिका प्रतिको आफ्नो व्यवहारको अरुले अपव्याख्या गर्न सक्छ भन्ने ख्याल राख्नुपर्छ ।

६. आचारसंहिताको उल्लंघन भएको विश्वास वा हुने शंका भएमा समस्या समाधान गर्ने दायित्व र अधिकार भएको जिम्मेवार निकायलाई तत्काल जानकारी गराउनु पर्दछ ।

७. प्रत्येक बालबालिकाको बाल अधिकार तथा गोपनीयताको अधिकारको सम्मान तथा पालना गर्नु पर्दछ ।

८. बालबालिकासँग तोकिएको सुरक्षित स्थान बाहेक एक्ला एक्लै भेटघाट गर्ने तथा एकान्तमा बस्ने कार्य गर्नु हुँदैन ।

९. बालगृहमा अनलाइन र सञ्चार लगायत प्रकाशन सामग्रीहरुमा यौनजन्य लगायत अन्य नकारात्मक सामग्रीहरु हेर्ने, देखाउने तथा सामाजिक सञ्जालहरुमा अपलोड गर्ने कार्य गर्नु गराउनु हुँदैन र बालबालिकाहरु बीच पनि यस्तो कार्यहरु हुन नदिन ख्याल पुर्याउनु पर्छ ।

१०. बालबालिकाको सर्वोत्तम हितका निमित्त सधैं तत्पर हुनु पर्छ ।

११. बालबालिकालाई राम्रो वा स्वभाविक छुवाइ र नराम्रो छुवाइको बारेमा जानकारी दिनु पर्दछ ।

१२. बालगृहका कर्मचारी अथवा बालगृहसँग सम्बद्ध अन्य कुनै पनि व्यक्तिले संरक्षित बालबालिका, उनीहरूका बाबुआमा र नातागोताबाट कुनै पनि किसिमको लाभ लिनु हुँदैन ।

१३. बालगृहसँग सम्बन्धित व्यक्ति, दाता वा भ्रमणकर्ताबाट बालबालिका माथि हिंसा एवम् दुर्व्यवहार भएको देखेमा वा सोको आशंका भएमा त्यस्तो कुरा थाहा पाउने बालगृहको कर्मचारीले बाल संरक्षण केन्द्र वा आफूभन्दा माथिल्लो सुपरीवेक्षकलाई तुरून्त जानकारी दिनु पर्दछ । यसरी आएको सूचना तथा जानकारीको अभिलेख राख्नु पर्दछ ।

१४. कुनै पनि परिस्थितिमा बालबालिकाको सम्पत्ति, पारिवारिक अवस्था, चरित्र, निज बालबालिका बालगृहमा आउनु पर्नाका कारण र निजलाई हिनताबोध वा ग्लानी हुने खालका विवरण कुनै पनि अवलोकनकर्ता वा अन्य कुनै अनाधिकृत व्यक्तिलाई दिनु हुँदैन र कुनै पनि माध्यमबाट सार्वजनिक गर्न, गराउन हुँदैन ।

१५. कर्मचारी, पदाधिकारी, सदस्य, भिजिटरले बालगृहको आचारसंहितामा सही गरी सोको पालना गर्नु पर्दछ । यसरी सहीछाप गर्दा कर्मचारीको हकमा अर्को एकजना साक्षीको सामुन्नेमा सहीछाप गरी उक्त प्रति निजको व्यक्तिगत फाइलमा राख्ने र अन्यको हकमा अलग्गै फाइल खडा गरी राख्नु पर्दछ ।

१६. बालगृहले भिजिटर लगबुक राख्नु पर्दछ र त्यसलाई नियमित अद्यावधिक गर्नु पर्दछ ।

१७. बालबालिकाहरुलाई बिदेशमा लैजादा वा बिदेशी वा नेपाली कोहि कसैलाई धर्मपुत्र धर्मपुत्रीको रुपमा लिदा दिदा यस नगरपालिका लगायत सम्बन्धित निकायबाट अनुमति लिएको वा नलिएको अनुगमन गरी अभिलेख राख्नु पर्छ ।

१८बालबालिकाहरुलाई धर्म परिबर्तन गराउन पाईदैन् । उक्त कार्य भए नभएको अनुगमनको गर्नु पर्नेछ ।

गोदावरी नगरपालिका, ललितपुर

## अनुसूचि १:

## बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०८० का आधारमा तयार पारिएको अनुगमन फारम

| |
|---|
| नगर बालअधिकार समिति<br>गोदावरी नगरपालिका, ललितपुर |
| बालबालिका सम्बन्धी नियमावली, २०७८ तथा मापदण्ड लागू हुँदा सञ्चालनमा रहेका बालगृह सञ्चालन अनुमति दिन तथा सिफारिस उपलब्ध गराउनका लागि चेकजाँचका लागि स्वीकृत गरिएको अनुगमन तथा मूल्याङ्कन फारम प्रतिवेदन, २०८० |
| बालगृहको=नाम:-<br>भवन(सार्वजनिक/आफ्नै/भाडामा/कच्ची/पक्की/निशुल्क:) |
| ठेगाना:- प्रदेश: जिल्ला: न.पा./गा.पा.: वडा नं.: टोल/गल्ली/गाउँ: |
| अध्यक्षको नाम: सम्पर्क नम्बर: कार्यालयको फोन नं.: |
| सम्पर्क व्यक्तिको नाम: पद: सम्पर्क नम्बर: |
| संस्था दर्ता नं.: निकाय: दर्ता मिति: |
| समाज कल्याण परिषद्को आवद्धता नं.: मिति: |
| गोदावरी नगरपालिकाको आबद्धता नं.: मिति: |
| संरक्षित बालक बालिका लैंङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिका: जम्मा: |
| कर्मचारीको संख्या: महिला: जना, पुरूष: जना, जम्मा: जना |
| बालबालिका अध्ययनरत विद्यालय/कलेजहरूको नाम र ठेगाना: |

मापदण्डका आधारमा बालगृहका सूचकहरू

| क्र.सं | न्यूनतम मापदण्डहरु | मापदण्ड मूल्याङ्कनका सूचक तथा विषयहरु | अंक भार | छ | छैन | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रचलित कानून बमोजिम नाफारहित सामाजिक संस्थाको रुपमा दर्ता भएको (५) | प्रचलित कानून बमोजिम नाफारहित सामाजिक संस्थाको रुपमा दर्ता भएको | १ | | | | |
| | | लेखापरीक्षण प्रतिवेदन भएको | १ | | | | |
| | | संस्था नवीकरण भएको | १ | | | | |
| | | कर छुट/कर चुक्ता प्रमाण पत्र भएको | ०.५ | | | | |
| | | सामाजिक परीक्षण प्रतिवेदन भएको | १ | | | | |
| | | स्थायी लेखा नम्बर भएको | ०.५ | | | | |
| २ | संस्थाको विधानमा बाल गृह सञ्चालन गर्ने उद्देश्य भएको (३) | संस्थाको विधानमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४९(दफा ४८(१) को खण्ड (क)-(छ)) मा उल्लिखित वैकल्पिक हेरचाहको आवश्यकता भएका | २ | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | बालबालिका संरक्षण गर्ने बाल गृह सञ्चालन गर्ने उद्देश्य भएको | | | | | |
| | | बाल गृह सञ्चालन गर्ने उद्देश्य नभएको तर उद्देश्य थपका लागि सञ्चालक समितिले निर्णय गरी सम्बन्धित निकायमा संशोधनको क्रममा रहेको | १ | | | | |
| ३ | कम्तीमा बीस जना बालबालिका राख्न सक्ने परिषद\ले तोके बमोजिमको बालमैत्री भौतिक पूर्वाधार तथा संरचना भएको- कम्तीमा बीस जनाको लागि (११) | बाल गृह भवन परिसरभित्र बगैचा र खेलकूद मैदान सहितको खुला जग्गा जमिन वा प्राङ्गण भएको | १ | | | | |
| | | प्रत्येक बालबालिकाको लागि कम्तीमा ३० वर्गफिटको स्थान/क्षेत्रफल भएको सफा सुत्ने कोठा वा १२/१० फिटको कोठा १ वटा भएको | २ | | | | |
| | | बेड संख्या, सफा ओछयान र ओढ्ने सामानहरु २०/२० वटा | १ | | | | |
| | | सफा भान्सा र भण्डार कोठा १/१ वटा भएको | १ | | | | |
| | | कम्तीमा १२/१६ फिट भएको सफा भोजन कोठा १ वटा भएको | १ | | | | |
| | | कम्तीमा १४/२४ फिट भएको सफा अध्ययन/मनोरञ्जन/पुस्तकालय कोठा १ वटा भएको | १ | | | | |
| | | सफा प्राथमिक उपचार तथा सामग्री/मनोविमर्श कोठा (१) वटा भएको | १ | | | | |
| | | सफा कार्यालय कक्ष/भेटघाट कक्ष १/१ वटा भएको | १ | | | | |
| | | सफा शौचालय/स्नानघर ४/४ वटा भएको | २ | | | | |
| ४ | बालक, बालिका र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकालाई सुरक्षितसँग छुट्टा–छुट्टै राख्न सक्ने भौतिक पूर्वाधार, मानवीय तथा आर्थिक स्रोत भएको- कम्तीमा बीस जनाको लागि | बालक, बालिका र लैङ्गिक तथा अल्पसंख्यक बालबालिकालाई अलग अलग भवन/फ्याट/खण्डमा राखिएको (यदि यस्ता प्रकारका सबै बालबालिका भएको अवस्थामा मात्र) वा बालबालिकाको संख्याको आधामा पर्याप्त भवन वा तला वा कोठाहरुको व्यवस्था भएको | २ | | | | |
| | | बाल गृह प्रमुख/ व्यवस्थापक (पूर्णकालीन तथा आवासीय कर्मचारीको रुपमा १ जना | १ | | | | |
| | | हेरचाहकर्ता/स्याहार कर्ता (पूर्णकालीन तथा आवासीय कर्मचारीको रुपमा) २ | १ | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (१४) | जना | | | | | |
| | | भान्छे/सहयोगी (पूर्णकालीन तथा आवासीय कर्मचारीको रुपमा) १ जना | १ | | | | |
| | | शिक्षक (आंशिक) १ जना | १ | | | | |
| | | मनोविमर्शकर्ता (आंशिक) १ जना | १ | | | | |
| | | स्वास्थ्यकर्मी (आंशिक) १ जना | १ | | | | |
| | | खेल मनोरञ्जन सहयोगी १ जना (आंशिक) | १ | | | | |
| | | बालबालिकाको संख्याको आधारमा कम्तीमा तीन वर्ष बाल गृह सञ्चालन गर्न लाग्ने खर्च व्यहोर्ने विश्वासिलो स्रोतको व्यवस्था भएको वा दातासँगको सम्झौता वा अन्य भरपर्दो प्रमाण भएको वा बाल गृह निरन्तर रुपमा विगत तीन वर्षदेखि सञ्चालनमा रहेको वा बाल गृह सञ्चालन गर्ने संस्थाका सञ्चालक समितिका सदस्यहरूले कम्तीमा तीन वर्षसम्म बाल गृह सञ्चालन सम्बन्धी आर्थिक दायित्व व्यहोर्ने लिखित प्रतिवद्धता गरेको पत्र भएको वा अस्थायी संरक्षण सेवा मात्र प्रदान गर्ने बाल गृहको हकमा माथि उल्लिखित व्यहोरामा एक वर्षको व्यवस्थापन गर्न सक्ने भएको | ३ | | | | |
| | | संस्थागत रुपमा वैदेशिक सहयोग रकम लिंदा समाज कल्याण परिषदबाट कार्यक्रम स्वीकृतिको पत्र लिइएको वा व्यक्तिगत सहयोग पनि लिने गरेको भएमा सोको विवरण खुलाइ अभिलेख सुरक्षित राखेको | १ | | | | |
| | | बाल गृह सञ्चालनको लागि व्यवस्था गर्नु पर्ने सुरक्षण रकम अनिवार्य रुपमा बाल गृहको खातामा वा बाल गृहको कोषमा जम्मा भएको | १ | | | | |
| ५ | बालबालिकाकालाई आश्रय दिने, खानपिन, पालनपोषण गर्ने, स्वास्थ्य उपचार गर्ने, उचित शिक्षा | पोषणविदको सिफारिसमा आवश्यकतानुसार वा कम्तीमा दैनिक चार पटक सफा, ताजा सन्तुलित तथा पौष्टिक खाना/आहार र खाजा खुवाउने सम्बन्धी साप्ताहिक भोजन तालिका बनाई सबैले देख्ने गरी टाँस गरेको तथा कार्यान्वयन | २ | | | | |

गोदावरी नगरपालिका, ललितपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तथा व्यवसायिक तालीम प्रदान गर्ने क्षमता भएको (९) | गरिएको | | | | | |
| | | आश्रित बालबालिकालाई विद्यालय भर्ना गरी नियमित अध्ययन गराइरहेको | २ | | | | |
| | | बालबालिकाको भर्ना हुनासाथ तुरून्त र त्यस पश्चात प्रत्येक छ/छ महिनामा नियमित स्वास्थ्य परीक्षण गरी सोको अभिलेख अद्यावधिक गरी राखिएको | १ | | | | |
| | | प्राथमिक स्वास्थ्य उपचार(First Aid Kit)को व्यवस्था भएको | १ | | | | |
| | | आकस्मिक/नियमित स्वास्थ्य उपचारको व्यवस्था भएको | १ | | | | |
| | | प्रत्येक बालबालिकाको स्वास्थ्य बीमा गरिएको | १ | | | | |
| | | आवश्यकतानुसार बालबालिकालाई विभिन्न सीप वा तालीम दिन सक्ने क्षमता वा सोको लागि आर्थिक पक्षको व्यवस्था भएको | १ | | | | |
| ६ | बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक विकासका लागि नियमित खेलकुद तथा मनोरञ्जनको सुविधाहरू उपलब्ध गराउन सक्ने स्रोत तथा साधनको व्यवस्था भएको (४) | कम्तीमा बाल गृहभित्र तथा बाहिर खेल्ने एक/एक खेलको व्यवस्था तथा खेल सामग्री भै नियमित खेलाउने गरेको | २ | | | | |
| | | बालबालिकाको लागि गीत, संगीत, कला, साहित्य, नृत्य आदि साप्ताहिक रुपमा सञ्चालन गर्ने गरेको वा कुनै न कुनै मनोरञ्जन गर्ने व्यवस्था तथा समाग्रीहरु भै कम्तीमा साप्ताहिक रुपमा मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्ने गरेको | २ | | | | |
| ७ | आश्रित बालबालिकाको औपचारिक शिक्षाको प्रबन्ध गर्नुका साथै आवश्यकता अनुसार बाल गृहमा पढाउने शिक्षकको व्यवस्था गरिएको र विशेष प्रकृतिका र विद्यालय जान नसक्ने | विद्यालय जाने उमेरका बालबालिकालाई अनिवार्य रूपमा विद्यालयमा पठनपाठनको व्यवस्था भएको वा विशेष प्रकृतिका बालबालिकाकलाई अनऔपचारिक शिक्षा दिने व्यवस्था भएको (त्यस्ता बालबालिका भएको अवस्थामा) | २ | | | | |
| | | बाल गृहले किशोरावस्थाका तर विद्यालय जान नसक्ने बालबालिकालाई लक्षित गरी जीवनोपयोगी सीप (सफ्ट स्किल) सम्बन्धी तालीमको व्यवस्था भएको वा बालबालिका सोह्र वर्ष पुगेपछि अर्थात | २ | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बालबालिकालाई अनौपचारिक शिक्षा तथा सीप विकासको अवसर दिलाउन सक्ने क्षमता भएको (४) | एस.इ.इ.को शिक्षा पूरा गरी वा अठार वर्ष उमेर पूरा गरी बाल गृहबाट विदा भै गएपछि बालबालिकालाई जीवनयापन सहज बनाउनका लागि आवश्यकताका आधारमा सीपमूलक तालीम वा उच्च शिक्षा अध्ययनका लागि सहयोग गर्ने व्यवस्था भएको | | | | | |
| ८ | आश्रित बालबालिकाको सर्वोत्तम हितको लागि विभिन्न सिर्जनात्मक साहित्यिक र सांस्कृतिक बाल कार्यक्रममा सहभागी हुने अवसरको सिर्जना गरी अतिरिक्त क्रियाकलापको व्यवस्थापन गर्न सक्ने भएको (२) | बालबालिकाको सर्वोत्तम हितको लागि विभिन्न सिर्जनात्मक, साहित्यिक र सांस्कृतिक कार्यक्रममा सहभागी हुने अवसर सिर्जना गरी वार्षिक कार्यतालिका बनाइ साप्ताहिक वा मासिक रुपमा अतिरिक्त क्रियाकलाप सञ्चालनको व्यवस्था भएको | २ | | | | |
| ९ | बाल गृहमा बाल क्लबको स्थापना गरी बाल सहभागितालाई प्रवर्धन गराएको वा गराउने क्षमता भएको (४) | बाल गृहमा बाल क्लब गठन गरी सम्बन्धित स्थानीय तहमा दर्ता तथा नवीकरण गरी सञ्चालनमा रहेको | २ | | | | |
| | | बाल क्लबको बैठक सञ्चालनमा सहजीकरण गरी बाल गृहका कार्यक्रम तथा कार्यहरुमा बालबालिकाको भावना र विचारलाई सम्मान गरी कार्यान्वयन गर्ने गरिएको र बाल क्लब बैठकको छुट्टै माइन्यूट बनाइ सुरक्षित राखिएको | २ | | | | |
| १० | बाल गृहमा बालमैत्री वातावरण कायम गरी बाल संवेदनशीलतालाई अभिवृद्धि गर्न सक्ने भएको (२) | बालबालिकाको उमेर र अवस्थानुसार बाल गृहको भौतिक पूर्वाधार, धारा, शौचालय, फर्निचर लगायत बालबालिकाप्रति गरिने बोलीचाली तथा व्यवहार बालमैत्री भएको | १ | | | | |
| | | बालबालिकाको भावना, विचार र अवस्थालाई सम्मान गरी सो बमोजिम परिपूर्ति तथा अभ्यास गरेको र बालबालिकाको कुरालाई प्राथमिकतामा | १ | | | | |

गोदावरी नगरपालिका, ललितपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | राखी बाल संवेदशनशीलताप्रति संवेदन, सचेत र होशियार भएको | | | | | |
| ११ | बाल गृहका पदाधिकारी, कर्मचारीहरूलाई बाल अधिकार र बाल संरक्षणबारे तालीम तथा अभिमुखीकरणको व्यवस्था गर्न सक्ने भएको (२) | बाल अधिकार र बाल संरक्षणबारे कर्मचारीलाई तालीम प्रदान गरेको वा परिषद् तथा अन्य सरोकारवाला निकाय वा संस्थाबाट सो सम्बन्धी अभिमूखीकरण प्राप्त गरेको कर्मचारी भै बाल गृहका अन्य कर्मचारीहरुलाई अभिमूखीकरण गर्ने सक्ने भएको | १ | | | | |
| | | बाल अधिकार र बाल संरक्षणबारे पदाधिकारीले तालीम वा अभिमूखीकरण लिएको वा परिषद् तथा अन्य सरोकारवाला निकाय वा संस्थाबाट सो सम्बन्धी अभिमूखीकरण प्राप्त गरी अन्य पदाधिकारी र कर्मचारीलाई अभिमूखिकरण गर्न सक्ने भएको | १ | | | | |
| १२ | परिषद्ले तोकेको वैयक्तिक विवरण फाराममा बालबालिकाको विवरण अनिवार्य रूपमा भरी सुरक्षित राख्न सक्ने व्यवस्था भएको (४) | प्रत्येक बालबालिकाको व्यैयक्तिक विवरण फाराम अनिवार्य र पूर्ण रुपमा भरी सुरक्षित राखेको | ४ | | | | |
| १३ | बालबालिकाको शैक्षिक तथा स्वास्थ्य सम्बन्धी प्रगति विवरण अद्यावधिक गर्दै सुरक्षित राख्न सक्ने व्यवस्था भएको (४) | प्रत्येक बालबालिकाको छुट्टै शैक्षिक प्रगति विववरण फाइल अद्यावधिक गरी सुरक्षित राखिएको | २ | | | | |
| | | प्रत्येक बालबालिकाको स्वास्थ्य उपचार विवरण सम्बन्धी छुट्टै फाइल अद्यावधिक गरी सुरक्षित राखिएको | २ | | | | |
| १४ | बालबालिकाको शारीरिक र मानसिक विकासका लागि उमेर अनुसार संरक्षण, स्याहार सुसार, सुरक्षा, उचित हेरचाह तथा | बालबालिकाको शारीरिक र मानसिक विकासका लागि लिङ्ग, उमेर र शारीरिक अवस्था अनुसार कम उमेर र कमजोर अवस्था भएका बालबालिकाको संरक्षण, स्याहर सुसार, सुरक्षा र उचित हेरचाहको व्यवस्था भएको | २ | | | | |
| | | बाल गृहमा बालमैत्री वातावरण भएको | २ | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बालमैत्री वातावरणमा हुर्कन पाउने व्यवस्था भएको (४) | | | | | | |
| १५ | असहाय, असक्त र अपाङ्गता भएका बालबालिकाको लागि विशेष व्यवस्था गरिनुको साथै उनीहरूको हेरचाह र स्याहार सुसार गर्ने उचित व्यवस्था मिलाउन सक्ने क्षमता भएको (४) | असहाय, अशक्त र अपाङ्गता भएका बालबालिकाको लागि आवश्यक अपाङ्गतामैत्री भौतिक पूर्वाधार लगायतको विशेष व्यवस्था भएको | २ | | | | |
| | | असहाय, अशक्त र अपाङ्गता भएका बालबालिकाको लागि अनुभवी तथा तालीम प्राप्त दक्ष जनशक्ति भै उचित स्याहारसुसारको व्यवस्था भएको | २ | | | | |
| १६ | बाल गृहमा आश्रित बालबालिकाहरूको उच्चतम हितको लागि परिवारको खोजी गरी पारिवारिक पुर्नमिलन तथा पुनर्स्थापना सम्बन्धी कार्य गर्ने क्षमता भएको (४) | समय समयमा बालबालिकाको घर परिवार वा अभिभावकसँग सम्पर्क, सम्वाद तथा परामर्श वा अनुगमन तथा पारिवावरिक अवस्थाको मूल्याङ्कन तथा लेखाजोखा गरी बालबालिकालाई पारिवारिक पुनर्मिलन गर्नु उचित भएमा उच्चतम हितको लागि पारिवारिक पुनर्मिलन गर्न सक्ने व्यवस्था र योजना भएको | २ | | | | |
| | | घर परिवार तथा अभिभावकको पहिचान हुन नसकी पारिवारिक पुनर्मिलन गर्न नसकिने/नसकिएका बालबालिकालाई व्यवसायिक सीप अभिवृद्धि गरी सामाजिक पुन:स्थापना तथा सामुहिक पुन:स्थापना गर्न सक्ने व्यवस्था र योजना भएको | २ | | | | |
| १७ | संस्थाको बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गरेको (३) | बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५७ बमोजिम बाल गृहमा रहने बालबालिकाको संरक्षणका लागि बाल संरक्षण मापदण्ड निर्माण तथा स्वीकृत गरी लागू गरेको | ३ | | | | |
| | | बाल संरक्षण मापदण्ड लागू नगरेको भए तापनि बाल संरक्षण योजना तथा आचार संहिता निर्माण तथा स्वीकृत गरी | १ | | | | |



गोदावरी नगरपालिका, ललितपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कार्यान्वयन गरेको | | | | | |
| १८ | बाल गृहमा रहेका बालबालिकाले प्राप्त गर्ने सेवा, सुविधा र निजहरूको संरक्षण सम्बन्धमा परिषद्ले तोकेको अन्य आवश्यक मापदण्ड (१७) | बाल गृहभित्र उजुरी/सुझाव पेटिका राखी बालबालिकाको गुनासो वा उजुरीको उपयुक्त सम्बोधन गर्ने संयन्त्र बनाइ कार्यान्वयन गरिएको | १ | | | | |
| | | अघिल्लो पटक अनुगमन गर्दा दिएको सुझाव, निर्देशन कार्यान्वयनको गरेको | २ | | | | |
| | | आगन्तुक पुस्तिका राखी अभिलेखीकरण गर्ने र अद्यावधिक गर्ने गरिएको | १ | | | | |
| | | बालबालिकाको धार्मिक स्वतन्त्रताको संरक्षण गरी सनातन तथा पारिवारिक धार्मिक आस्थामा सहभागिताको सुनिश्चितता गरेको | १ | | | | |
| | | मदिरा, सूर्तिजन्य पदार्थ र लागूपदार्थको प्रयोग नहुने सुनिश्चितताको लागि सोसम्बन्धी सूचना टाँस गरी कार्यान्वयन गरिएको | १ | | | | |
| | | बाल गृहमा रहेका बालबालिकाको सर्वोत्तम हित विपरीत हुनेगरी तस्वीर खिच्ने र तस्वीर सार्वजनिक नगर्ने सुनिश्चितता गरिएको, अनुमति बिना बालबालिका तथा बाल गृह परिसरको फोटो, भिडियो लिन निषेध गर्न वेबसाइटमा सूचना राखेको तथा सूचना टाँस गरी कार्यान्वयन गरिएको र अनुमति लिएर तस्वीर खिच्ने व्यक्तिको अभिलेख सुरक्षित राखिएको | १ | | | | |
| | | बालबालिकाले टेलिभिजन, ईन्टरनेट तथा सामाजिक सञ्जाल प्रयोग गर्दा अनलाईन सुरक्षाको सुनिश्चितता गरिएको | १ | | | | |
| | | बालबालिकाको बाल गृहबाट विदाइ गरे पश्चात् ५ वर्षसम्म बालबालिकाको सबै विवरण तथा सूचनाहरु सुरक्षित राख्ने व्यवस्था गरिएको | १ | | | | |
| | | नेपाल प्रहरी लगायत शिक्षण संस्थाबाट प्राप्त बाल गृहका पदाधिकारी तथा कर्मचारीहरुको चारित्रिक योग्यता तथा प्रमाणपत्र व्यवस्थित र सुरक्षित राखिएको | १ | | | | |
| | | बालबालिकालाई लिङ्ग, जाति, | १ | | | | |

गोदावरी नगरपालिका, ललितपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सम्प्रदाय, वर्ण, धर्म, शारीरिक अवस्था, रोगव्याधि आदिका आधारमा भेदभाव नहुने सुनिश्चितता गरिएको | | | | | |
| | | विशेष अवस्थाका बालबालिकाको व्यक्तिगत अस्तित्व, मर्यादा र संरक्षणको व्यवस्था गरी गोपनीयता कायम गरिएको (दुव्यर्वहार तथा हिंसाबाट पीडित बालबालिकाको हकमा विशेष गरी लागू गर्नु पर्ने) | १ | | | | |
| | | बालिकाहरु मात्र रहेको बाल गृहमा उनीहरुको हेरचाहको लागि महिला कर्मचारी नै भएको वा बाल गृहका पदाधिकारी वा कर्मचारी कम्तीमा चालीस प्रतिशत महिला भएको | १ | | | | |
| | | बालगृहको नाम सहितको साइन बोर्ड (सबैले देख्ने ठाउँ वा भित्तामा टाँसेको कम्तीमा एउटा) | १ | | | | |
| | | बाल गृहको स्थापना र सञ्चालनको आवश्यकता तथा सञ्चालन निरन्तरता लगायत समग्र सञ्चालन प्रक्रिया, कानूनी व्यवस्था, मापदण्ड पालना भएको | ३ | | | | |
| | | जम्मा पूर्णाङ्क १०० | | | | | |

| | संस्थाको तर्फबाट सूचना तथा जानकारी उपलब्ध गराउने व्यक्तिको विवरण: | |
|---|---|---|
| क्र.सं | नामः पदः हस्ताक्षरः | संस्थाको छापः |
| १ | | |
| २ | | |
| ३ | | |

अनुगमनकर्ता/मूल्याङ्कनकर्ताको टिप्पणी (यदि छ भने): (यहाँ नअटेमा यसै पृष्ठको पछाडि उल्लेख गरिदिनुहोला ।)

गोदावरी नगरपालिका, ललितपुर

| | | | |
|---|---|---|---|
| | | | |
| | **समितिबाट अनुगमन तथा मूल्याङ्कन गर्ने पदाधिकारी तथा कर्मचारीको विवरण:** | | |
| **क्र.सं** | **नाम** | **पद** | **हस्ताक्षर** |
| **१** | | | |
| **२** | | | |
| **३** | | | |
| **४** | | | |
| **५** | | | |
| **६** | | | |
| **७** | | | |
| **८** | | | |
| **९** | | | |
| | **अनुगमन तथा मूल्याङ्कन गरिएको मितिः** | | |

आज्ञाले
अच्युतराज रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

गोदावरी नगरपालिका, ललितपुर